
## सगरमाथा अञ्चलको सप्तरी जिल्लाको जगतपुर गाविस–४ पूर्व टोलको सुकुम्बासी दलित बस्तिमा नेकपा (माओवादी)का सशस्त्र कार्यकर्ताहरूले गाउँ घेरा हाली सामूहिक बलात्कार गरेको भनिएको घटनाको सम्बन्धमा

# स्थलगत अध्ययन प्रतिवेदन




**सारांश**

प्राप्त सूचना र प्रमाणको आधारमा जगतपुर गाविस-४, सप्तरीमा ०६२ भदौ २ गते राति आफूलाई माओवादी बताउने समूहमा आएका एक व्यक्तिले एक महिलालाई बलात्कार गरेको, ३ जना महिलालाई दुर्व्यवहार गरेको र एकजना पुरुषलाई कुटपिट गरेको पाइयो। यस घटनाका आरोपितमध्ये एक दिनेश सरदारलाई माओवादीले कब्जामा लिई उसैको भनाइअनुसार अन्य तीन जना शम्भू चौधरी, प्रदीप गुप्ता, देवकान्त यादव र ललित चौधरीको खोजि गरिरहेको कुरा माओवादीको भदौ ९ गते प्रकाशित विज्ञप्तिमा उल्लेख गरिएको। तीनै आरोपित मध्येको शम्भू चौधरीको लाश धारीलो हतियार प्रहार गरी बोरामा हाली महुली खोलाको किनारमा फालिएको अवस्थामा भदौ ९ गते पाइयो।

घटनामा संलग्न व्यक्तिले आफूलाई माओवादी कार्यकर्ता भएको भन्ने बताएको, आफूलाई माओवादीको स्थानीय नेतृत्व बताउने समूहले आरोपित व्यक्तिलाई पीडितसमक्ष उपस्थित गराइ माफी मग्न लगाएको र माओवादीद्वारा बलात्कारमा संलग्न भनिएका शम्भू चौधरीको हत्या गरी लाशसँगै पर्चा छोडी जगतपुर बलात्कार काण्डका अपराधीको १ नं एरियाद्वारा सफाया गरिएको भन्ने पर्चामा उल्लेख गरिएको। माओवादीद्वारा प्रकाशित विज्ञप्तिमा बलात्कारी भनिएकाहरू माओवादी कार्यकर्ता नभएको जनाए तापनि स्थानीय स्तरमा हुने गरेको माओवादी क्रियाकलापमा विगतमा ती व्यक्तिहरू सहभागी भएको बुझिएकोले यस घटनामा माओवादी शंकाको घेराभित्र रहेका छन्। र, साथै संचार माध्यमहरूले पनि घटनाको वास्तविक तथ्यमा आधारित नरही समाचार संप्रेषण गरेकोले, संचार माध्यमको लापरवाहीको कारण स्थानीय बासिन्दामा आक्रोस बढ्न गई नकारात्मक प्रभाव पर्न गएको पाइयो।




**सन्धि अनुगमन समन्वय समिति**

**सचिवालयः अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

०६२ भदौ १६, काठमाडौं

## Fact Finding Report on the Reported Rape Cases by a Group of Maoists Encirculing the Entire Settlement in a Dalit Squatters' Settlement in Purbatol of Jagatpur VDC-4 of Saptari District of Sagarmatha Zone



On the basis of collected information and evidences the HRTMCC team found that one woman has been raped and other three women have been abused by an unidentified person, who came in a group of 20-22 persons and claimed to be a Maoist, on 18 August 2005 in Jagatpur VDC-4 of Saptari District. A person claimed himself to be the local leader of Maoists had presented the accused to the victim and made him to ask for excuse. The Maoists had killed Shambhu Chaudhary, one of the accused and a pamphlet, which read as 'the offender of Jagatpur rape case has been executed by the Area No.1', was fixed with the corpse. It was also revealed that the same person has assaulted one man in the same area. According to the press statement released by Maoists on 25 august 2005, Dinesh Sardar, one of the accused in the incident, was abducted by them and as per his statement they have been searching other three persons (Shambhu Chaudary, Pradeep Gupta, Devkanta Yadav and Lalit Chaudary) who were also involved in the offense. Among the accused, the dead body of Shambhu Chaudhary was found near the bank of Mahuli River on 25 August 2005.

Persons involved in the incident has claimed themselves to be Maoists, though the press statement issued by Maoists does not own the incident and claims that those who were involved in the incident are not Maoists. It has been stated by the locals that accused persons had supported the activities of the Maoists in the past. On these ground we have suspected that the Maoists might have involved in the incident. And also the media has reported the news without knowing the truth. The negligence of the media to publish such sensitive news without proper verification has made the locals much aggressive, as it has resulted negative impact on them.

**Human Rights Treaty Monitoring Coordination Commiittee (HRTMCC)**
**Secretariat INSEC**
1 September 2005, Kathmandu

## १. पृष्ठभूमि

सगरमाथा अञ्चलको सप्तरी जिल्लाको जगतपुर गाविस-४ पूर्व टोलको सुकुम्बासी दलित बस्तिमा नेकपा (माओवादी)का सशस्त्र कार्यकर्ताहरूले गाउँ घेरा हाली सामूहिक रुपमा २५ जनालाई बलात्कार गरेको भन्ने समाचार सार्वजनिक भएको हुँदा सोबारे सत्यतथ्य पत्ता लगाउन मानवअधिकार सन्धि अनुगमन समन्वय समिति, काठमाडौंका साथै स्थानीय मानवअधिकार संस्थाले मिति ०६२ भदौ ९ र १० गते स्थलगत अनुगमन गरेको थियो। उक्त अनुगमन गर्ने क्रममा स्थानीय बासिन्दा, घटनासँग सम्बद्ध पीडितहरू, स्थानीय प्रशासन र सुरक्षा निकायसँग प्रत्यक्ष भेटघाट गरी घटनासँग सम्बन्धित विवरण सङ्कलन गरियो। उपरोक्त घटनासँग सम्बन्धित भनिएका शम्भू चौधरीको हत्याको सम्बन्धमा समेत अनुगमन टोलीले स्थलगत अनुगमन गरेको थियो।

तथ्य सङ्कलनको उद्देश्य

- घटनाका सम्बन्धमा सत्यतथ्य पत्ता लगाउने
- घटनाको सत्यतथ्यसहितको प्रतिवेदन तयार गर्ने।

**तथ्य सङ्कलनको पद्धति**


- घटनास्थलको अवलोकन
- घटनाबाट प्रत्यक्ष रुपमा पीडित व्यक्तिहरूसँग भेटघाट र कुराकानी
- घटनास्थल वरपरका व्यक्ति तथा प्रत्यक्षदर्शीसँग भेटघाटद्वारा घटनाको विवरण सङ्कलन
- स्थानीय नागरिक समाज, सुरक्षा निकाय, स्थानीय प्रशासन, मानवअधिकारकर्मी तथा सम्बन्धित निकाय एवं व्यक्तिसँग घटनाका सम्बन्धमा जानकारी लिने।
- घटना सम्बन्धमा पूर्व प्रकाशित सामग्रीहरूको अध्ययन

**घटना भएको मिति** : ०६२ भदौ २

**घटना भएको समय** : मध्यरात

**घटना स्थान** : सप्तरी जिल्ला जगतपुर गाविस-४, पूर्व टोलको दलित बस्ति

**घटनास्थलको नक्सा:**


चन्द्रनहर
चन्द्रनहर
नेपाल बैंक लि. कञ्चनपुर
इलाका प्रहरी कार्यालय कञ्चनपुर
कर्णाली सडक
महेन्द्र राजमार्ग
कञ्चनपुर फत्तेपुर सडक
कृषि विकास बैंक कञ्चनपुर
इलाका प्रशासन कार्यालय कञ्चनपुर
कोशी टप्पु आरक्ष जाने कर्णाली सडक
पोखरी
पोखरी
जगतपुर गाविस कार्यालय
कोशी नदीको पश्चिमी तटबन्ध
तटबन्ध
घटनास्थल

**तथ्य सङ्कलन टोली**

१. सोमराज थापा, संयोजक, क्षेत्रीय कार्यालय, इन्सेक विराटनगर
२. विद्या चापागाई, इन्सेक, काठमाण्डौ
३. जयालक्ष्मी राजथला, महिला कानुन र विकास मञ्च, काठमाडौं
४. कुलमान गुरुङ, हिमराइट्स/इन्हुरेड इन्टरन्यासनल
५. अनिता शाक्य, हिमराइट्स/इन्हुरेड इन्टरन्यासनल
६. विदुर सुवेदी, मानवअधिकार एलाइन्स, धनकुटा
७. प्रशन्नता वस्ती, इन्सेक विराटनगर
८. प्रकाश खतिवडा, इन्सेक, मानवअधिकार वर्ष पुस्तक प्रतिनिधि, सप्तरी
९. दिनेशकुमार यादव, हुसेक, सप्तरी

**घटना विवरण**

०६२ भदौ २ गते राति सप्तरी जिल्लाको जगतपुर गाविस-४ पूर्व टोलको सुकुम्बासी दलित बस्तिमा आफूलाई माओवादी बताउने समूहमा आएका सशस्त्र व्यक्तिहरूमध्ये एकजना ३४ वर्षीया गंगादेवी खड्ग (खत्वे) (नाम परिवर्तन गरिएको)को घरमा पसी खाना मागेको र खाना खाइसकेपछि फर्किएको। करिब २ घण्टापछि फेरि आई जबजस्ती ढोका खोली हतियार देखाई बलात्कार गरेर गएको। त्यसै रात सोही समूहको सोही व्यक्तिले गोपाली खड्ग (खत्वे) को घरमा पसी उनकी बुहारीहरू २९ वर्षीया कुसुमीदेवी, ३२ वर्षीया हरिदेवी *(नाम परिवर्तन गरिएको)* र सन्तलाल चौधरीकी पत्नी २५ वर्षीया दहनी चौधरीलाई पनि दुर्व्यवहार गरेको साथै जगदीश गुप्ताका छोरा अशोक गुप्तालाई घरबाट राति बाहिर निस्केको निहुँमा कुटपिट गरेको।

**घटनाका सम्बन्धमा प्रत्यक्ष भेटघाट र कुराकानी गरिएका व्यक्तिहरू**

| क्र.सं. | नाम | ठेगाना | घटनासँगको सम्बद्धता | भेटेको मिति |
|---|---|---|---|---|
| १. | गंगादेवी खड्ग (खत्वे) (नाम परिवर्तन गरिएको) | जगतपुर-४, सप्तरी | पीडित | १० भदौ ०६२ |
| २. | गोपाली खड्ग (खत्वे) | जगतपुर-४ | स्थानीय बासिन्दा | १० भदौ ०६२ |
| ३. | रेखा चौधरी | जगतपुर-४ | शम्भू चौधरीकी वहिनी | १० भदौ ०६२ |
| ४. | हरिदेवी खड्ग (खत्वे) (नाम परिवर्तन गरिएको) | जगतपुर-४ | स्थानीय बासिन्दा | १० भदौ ०६२ |
| ५. | कमला चौधरी | जगतपुर-४ | स्थानीय बासिन्दा | १० भदौ ०६२ |
| ६. | नेवालाल चौधरी | जगतपुर-४ | शम्भू चौधरीको बुबा | ९ भदौ ०६२ |
| ७. | डिल्लीराम खतिवडा | जगतपुर-४ | कान्तिपुर सम्वाददाता | ९ भदौ ०६२ |
| ८. | तीलकराम शर्मा | राजविराज | प्रमुख जिल्ला अधिकारी | ९ भदौ ०६२ |
| ९. | रोहित | टेलिफोनमा | नेकपा माओवादी कार्यकर्ता | ९ भदौ ०६२ |
| १०. | प्रदीप | ,, | नेकपा माओवादी कार्यकर्ता | ९ भदौ ०६२ |
| ११. | सरोज प्रताप राणा | गणपति, पूर्वी पृतना आर्टिलरी गण, राजविराज | सुरक्षा प्रमुख | ११ भदौ ०६२ |
| १२. | दुनियादेवी चौधरी | जगतपुर-४ | स्थानीय बासिन्दा | ८ भदौ ०६२ |
| १३. | नेवल चौधरी | जगतपुर-४ वडाध्यक्ष | | ८ भदौ ०६२ |

**घटनासँग सम्बद्ध व्यक्तिहरूको भनाइ**

*१. गंगादेवी खँग (खत्वे) (नाम परिवर्तन गरिएको)*

राति म दुईजना छोराछोरीहरूसँग सुतिरहेकी थिएँ। एक्कासी घरको ढोका ढक्ढक्याएको आवाज आयो। मैले ढोका खोलेँ। एकजना मानिस घरभित्र पस्यो र खाना खान माग्यो। "तिमी मेरो श्रीमान हौ र ? म तिमीलाई खान दिने" भनेँ तर उसले नून र खुर्सानीसँग मात्र खाना खान माग्यो। मैले उसलाई खान दिएँ। खाना खाएपछि ऊ फर्केर गयो। करिब २ घण्टापछि फेरि घरको ढोका बेस्सरी ढक्ढक्यायो। ढोकाको चुकुल आफैं खस्यो। त्यसपछि एकजना मानिस घरभित्र पसेर बत्ति निभायो। मेरो घाँटीमा खुकुरी र कञ्चटमा पेस्तोल

तेर्सायो। त्यसपछि म कराउँछु भनेर मेरो मुख थुन्यो। मैले प्रतिकार गर्न खोजें तर सकिँन। म शारीरिक रुपमा कमजोर भएको हुँदा प्रतिकार गर्न सकिँन। म आफू डरले खुबै कामिरहेकी थिएँ। उसले मेरो मुख थुन्दै मलाई बलात्कार गर्‍यो र गयो। त्यो मानिसलाई मैले पहिले कहिल्यै चिनेको थिइन। उसले हाफ पेन्ट लगाएको थियो।

यो घटना फोन गरेर काठमाडौंमा रहेका श्रीमानलाई सुनाएँ। गाउँमा कसरी हल्ला भयो भन्नेबारेमा मलाई थाहा छैन। घटना भएपछि पुलिसहरू, पत्रकारहरू आइरहेका छन्। मलाई राहतको बारेमा थाहा छैन। म पुलिसहरूसँग कञ्चनपुर र राजविराज गएँ। मेरो स्वास्थ्य परीक्षण राजविराजमा गरियो। इलाका प्रहरी कार्यालय, कञ्चनपुरमा जाहेरी दिएकी छु। यसबारेमा श्रीमानसँग कुरा भएको हुनसक्छ।

गाउँमा अरु महिलाहरूमा दुर्व्यवहार भएको भन्ने बारेमा मलाई थाहा छैन। शम्भूको हत्या भएको पनि मलाई थाहा छैन। अरु महिलाहरूलाई यस्तो नहोस्। अनि यही एउटै कुरो धेरै मान्छेलाई सुनाउन समेत नपरोस्।

*२. गोपाली खँग (खत्वे)*

भदौ २ गते राति एकजना व्यक्तिले आफू माओवादी कार्यकर्ता भएको र आफूसँग २२ जना अरु कार्यकर्तासमेत भएको भन्दै मेरो कन्चटमा हतियार (पेस्तोल ?) तेर्साए। आँखामा टर्च बाल्यो र तेरो घर खानतलासी गर्छु भनेर घरभित्र पस्यो। त्यस बखत बुहारीसँगै थिइन्। उक्त व्यक्तिले दुर्व्यवहार गर्छ भन्ने आशंकाले ओछ्यानमा भएको नानीलाई बुहारीले काखमा च्यापेर घरभित्र पसिन्। त्यस व्यक्तिले मेरो घरको खानतलासी गर्‍यो।

घटना भएपछि पत्रकारहरू गाउँमा आए। उनीहरूले हामीसँग सोधपुछ गर्दा गाउँमा भएको घटनाका बारेमा हामीले बतायौं। हामीले यस टोलमा खड्ग (खत्वे)को २५ परिवार बस्छ भनेकोमा उनीहरूले २५ जना महिला बलात्कृत भएको भन्ने समाचार छापेछन्। त्यो समाचारले हामी सबैलाई बेइज्जती बनाएको छ। हामीजस्तो अनपढ मानिसलाई के लेख्छन् भन्ने थाहा भएन। नभनेको कुरा लेख्नु राम्रो होइन। नभनेको कुरा लेखेको हुँदा हामीलाई थप अप्ठ्यारो परिरहेको छ। माओवादीको डरले हाम्रो गाउँको लोग्ने मानिसहरू घरमा राति बस्न डराइरहेका छन्।

गंगादेवीको घरमा जाने मानिस मेरो घरमा आएको मानिस नै हुनसक्छ। घटना भएको केही दिनपछि गंगादेवीको घरमा केही मानिसहरू आएर ऊसँग माफी माग्न लगाएका थिए।

यही गाउँको थारु महिलालाई झुल टाँगेर बाहिर सुतिरहेको बेलामा एकजना मानिस आएर जबरजस्ती गर्न खोजेको र सो महिला भागेर शम्भू चौधरीको घरमा गएर बचेको भन्ने पनि सुनेको हो।

शम्भू चौधरी गाउँको जाति मानिस हो। उसँग १४-१५ जना काम गर्ने मानिसहरू प्राय हुने गर्थे। उसलाई किन मारे भन्ने मलाई थाहा छैन।

*३. रेखा चौधरी र कमला चौधरी (शम्भू चौधरीकी बहिनीहरू)*

हामीले बलात्कारको घटनाका बारेमा सुनेका हौं तर यसबारेमा हामीलाई केही पनि थाहा छैन। घटना भएको रात दाजुसँग ४ जना मानिसहरू आएका थिए जसमध्ये दुईजना हाम्रो घरमा खाना खाएर सुते। दाइ पनि सुत्नुभयो। हामीले खाना खाएर घरमा बस्ने मानिसहरूलाई चिनेको छैन तर घरबाट जाने दुईजना मानिसहरू दिनेश सरदार र प्रदीप गुप्ता थिए। उनीहरू दाजुसँग कहिलेकाहीं घरमा आइरहने भएको हुँदा उनीहरूलाई चिनेकी हुँ। उनीहरू हाम्रो घरबाट निक्लेपछि कहाँ गए भन्ने मलाई थाहा छैन।

हाम्रो दाइ राजमिस्त्री काम गर्ने भएको हुँदा प्रायजसो कञ्चनपुरमा बस्ने गर्नु हुन्थ्यो। ६ गते राति घरमा आउनु भएको थियो। ७ गते बिहान उज्यालो नहुँदै यहाँबाट कञ्चनपुर जानु भएको थियो। ८ गते दिउँसो कञ्चनपुरमा भएकी दिदीलाई अज्ञात व्यक्तिले फोन गरी *"दाइ शम्भू चौधरी आज बेलुका छ बजेसम्ममा घर आयो भने आइहाल्यो नत्र हामी अर्को ठाउँमा सरुवा गर्दै छौं"* भनेका थिए। पछि थाहा भएअनुसार उहाँलाई पिपरापूर्व परिमारा टोलबाट ललित चौधरी भन्ने व्यक्तिले मोटरसाइकलमा चढाई काम गरेको ठाउँबाट लिएर गएको रहेछ। ९ गते बेलुकातिर दाइ मारिएको कुरा कञ्चनपुर क्याम्पसका विद्यार्थीहरूले भनेपछि मात्र थाहा भयो। कसले, किन दाजुलाई मार्‍यो भन्ने बारेमा हामीलाई थाहा छैन।

*४. हरिदेवी खंग (खत्वे) (नाम परिवर्तन गरिएको)*

हाम्रो घरमा आएर टर्चबालेर भित्र हेरेर अश्लील गाली गलौज गरेर गएको हो। मेरो घरमा आएर खान माग्ने काम गरेन। कलेजा भएको मानिस रहेछ। त्यो मानिस त्यत्तिकै गयो। २५ जना बलात्कृत भएको भन्ने खबर छापिएको हुँदा हाम्रो बेइज्जती भएको छ।

*५. नेवालाल चौधरी (मृतक शम्भू चौधरीका बाबु)*

छोरा मारिएको घटना थाहा भएपछि इलाका प्रहरी कार्यालय कञ्चनपुरमा आएका शम्भू चौधरीका बाबु नेवालाल चौधरीले रुँदै आफूलाई छोराको हत्याका बारेमा थप जानकारी नभएको र छोरा सटरिङको ठेक्का गर्ने गर्दथ्यो र दुई दिनदेखि घर नआएको बताए।

*६. दुनियादेवी चौधरी*

राति एक जना मान्छे आयो र खाना खान माग्यो, हामीले दिएनौं। सुत्न खोज्यो। नमान्दा-नमान्दै जबरजस्ती बुहारीको ओछ्यानमा पस्यो तर बुहारीले लात हानेपछि ऊ भाग्यो।

*७. डिल्लीराम खतिवडा, सम्बाददाता कान्तिपुर, दैनिक*

मैले स्थानीय व्यक्तिहरूमार्फत् घटनाको बारेमा थाहा पाएपछि घटनास्थलमा गएर अध्ययन गरें। मैले त्यस्तो खालको घटना तीन महिनाभन्दा अघिदेखि हुँदै आएको सूचना पाएँ। सो आधारमा दर्जनौं महिलाहरू बलात्कृत हुँदै आएको भन्ने समाचार सम्प्रेषण गरेको हुँ।

*८. तिलकराम शर्मा, प्रमुख जिल्ला अधिकारी, सप्तरी*

हामीले ६ गते राजविराज टुडेमा समाचार पढेपछि करिब साढे दश बजेतिर उक्त घटनाको बारेमा जानकारी प्राप्त गर्‍यौं। सो समाचार पढेपछि स्थलगत अध्ययनका लागि सम्बन्धित क्षेत्र (कञ्चनपुर इलाका प्रशासन कार्यालय) को सुरक्षा इकाइलाई परिचालित गरियो। आफूसहित जिल्लाका प्रहरी प्रमुखको टोलीसमेत गएर स्थलगत अवलोकन र सोधखोज गरियो। पीडितलाई विधिवत् जाहेरी दिन लगाइयो। मेडिकल परीक्षण गर्न लगाइयो। हामीले प्रारम्भिक राहतस्वरुप ८ गते पीडितलाई दुईहजार रुपैयाँ उपलब्ध गराइयो। २५ जना पीडित भएको भन्ने घटनाका बारेमा जानकारी सम्बन्धित ठाउँमा पाइएन। हामीले एक जना मात्र पीडितलाई भेट्यौं। स्थानीय तहमा आतङ्क बढिरहेको कारण मानिसहरूबाट थप सूचना लिन कठिनाई भइरहेको छ। यससम्बन्धी थप जानकारी लिनका लागि हामी मानवअधिकारकर्मीहरूसँग समेत सहकार्य गर्न तयार छौं। भदौ ९ गते स्थानीय तहमा भएको फायरिङका बारेमा हामीलाई थाहा छैन। राजविराजमा ८ गते गोली चल्ने खालको अप्रत्याशित घटना भएको कारण जगतपुरको घटनालाई भन्दा पनि सदरमुकामको घटना (गोलीकाण्ड)लाई प्राथमिकता दिन हामी बाध्य भयौं।

*९. रोहित (फोन वार्ता), नेकपा (माओवादी) उच्चस्तरीय कार्यकर्ता*

घटना भएको हो, माओवादीको नाममा बदमासहरूले उक्त घटना गराएका हुन्।

*१०. प्रदीप नेकपा (माओवादी), १ नं एरिया इन्चार्ज (फोन वार्ता)*

घटनामा संलग्न मानिस हाम्रा मानिस होइनन्। माओवादी स्थानीय नेतृत्वले पीडितसँग माफी मगाएको भन्ने कुरा झुठो हो। माओवादीका कोही पनि छलफलका लागि गएका छैनन्। हाम्रो पार्टीको नाम मुछिएकोले हामी अनुसन्धान गर्दैछौं।

*११. सरोज प्रताप राणा, गणपति, पूर्वी पृतना आर्टिलरी गण, राजविराज*

पीडितको भनाइ र विकसित घटनाक्रमले उक्त घटना माओवादीले नै गराएका हुन् भन्ने देखिन्छ। शम्भू चौधरीको हत्याले त्यसलाई थप पुष्टि गरेको छ। किनकि घटना भएको दिन बलात्कारीहरू शम्भू चौधरीको घरमा पनि गएको खुल्न आएको छ। शम्भू चौधरी माओवादी नै चाहिं होइनन्, सहयोगी चाहिँ हुन्। शम्भू चौधरी माओवादीलाई चन्दा दिने मानिस हुन्। घटनास्थलको सुरक्षाको सम्बन्धमा सुरक्षाको थप प्रबन्ध मिलाएको र फत्तेपुर र बरमझियाबाट थप सुरक्षाकर्मी परिचालन गरिएको छ।


## शम्भू चौधरीको लास भएको ठाउँमा भेटिएको कागज र बकधुवा गाविस महुली बजारमा टाँसिएको पर्चाको विवरण

आदरणिय न्यायप्रेमी जनसमुदायहरू, सप्तरी जिल्लाको गाविस जगतपुर-४ कोशीबाँधस्थित पृतिदेवी (नाम परिवर्तनलाई) गत शुक्रबार राति माओवादीका नाममा बलात्कार गरिएको व्यक्तिहरूमध्ये यी नेवालाल चौधरीको छोरा शम्भू चौधरीलाई नेकपा माओवादीले सफया गरियो।

**नेकपा (माओवादी)**
जिसस सप्तरी
एरीया नं. १



**मृतक शम्भू चौधरी**



**मृतक शम्भू चौधरीको साथमा रहेको पर्चा**



**शम्भु चौधरी**

**अनुगमन टोलीको अध्ययनका क्रममा प्राप्त तथ्यहरू**

१. भदौ २ गते राति आफूलाई माओवादी बताउने समूहमा आएका एक व्यक्तिले गंगादेवी खड्गको घरमा पसी हतियार देखाइ बलात्कार गरेको।

२. सोही रात गोपाली खड्गको कञ्चटमा पेस्तोल राखेर उनको घरमा खानतलासी गरी गोपाली खड्गका बुहारीहरूलाई अश्लील गाली गलौज गरेको।

३. सन्तलाल चौधरीको घरमा पनि सो समूहका एक जनाले खाना खाई सन्तलालकी पत्नीलाई हातपात गर्न खोजेको तर प्रतिकार गरिन्।

४. घटनाको तीन दिनपछि भदौ ५ गते आफूलाई स्थानीय माओवादी नेतृत्व बताउने समूहले गाउँका मानिस बोलाई पीडितका खुट्टा ढोगाई माफी माग्न लगाएको।

५. यस घटनाका आरोपितमध्ये एक दिनेश सरदारलाई माओवादीले कब्जामा लिई उसैको भनाइअनुसार अन्य तीन जना शम्भू चौधरी, प्रदीप गुप्ता, देवकान्त यादव र ललित चौधरीको तलाश गरिरहेको माओवादीको भदौ ९ गते प्रकाशित विज्ञप्तिमा उल्लेख गरिएको।

६. त्यसै दिन शम्भू चौधरीको धारिलो हतियारले गर्धनमा हानी हत्या गरी बकधुवा-६ महुली खोलाको किनारमा फ्याँकिएको अवस्थामा लाश भेटिएको।

७. उक्त लाशमाथि जगतपुर बलात्कार काण्डमा संलग्न भएको आशयको पत्र भेटिएको।

८. घटना भएको मितिदेखि जगतपुर गाविस पूर्व टोलका बासिन्दाहरू आतंकित रहेको र असुरक्षाका कारण घटनाका सम्बन्धमा खुलस्त हुन नचाहेको।

९. उक्त टोलमा माओवादी कार्यकर्ताहरू आवतजावत गर्ने तथा खाना र बास मागी स्थानीय बासिन्दालाई दु:ख दिने गरेको।

१०. सुरक्षाकर्मीहरूले महिनामा एक पटकजस्तो मात्र गस्ती गर्ने तर घटना पछाडि भने नियमितजस्तो गस्ती गर्ने गरे तापनि स्थानीय बासिन्दाले सुरक्षित महसुस नगरेको।

११. सुरक्षाको लागि स्थानीय मानवअधिकारकर्मी समक्ष निवेदन दिएको।

१२. शम्भू चौधरीको हत्यापछि गाउँ अझ आतङ्कित भएको।

१३. अधिकांश युवाहरू रोजगारीको सिलसिलामा गाउँभन्दा बाहिर रहेको र त्यहाँ भएका युवा पनि माओवादीको डरले राति घरमा नबसी अन्यत्रै बस्ने गरेको।

१४. घटनामा संलग्न आरोपित व्यक्तिहरू माओवादीले आफ्ना कार्यकर्ता नभएको बताए पनि स्थानीय स्तरमा भएका माओवादी क्रियाकलाप (जितेन्द्र विक्रम राणाको पिपरा पूर्वमा रहेको जग्गा कब्जा गर्दा माओवादीको झण्डा गाड्न) माओवादीलाई सहयोग गरेको खुल्न आएको।

१५. माओवादीद्वारा आरोपित शम्भू चौधरी माओवादी कार्यकर्ता नरहे पनि माओवादी कार्यकर्तासँग उठबस रहेको तर उक्त घटनामा भने शम्भू चौधरीको संलग्नता नरहेको स्थानीय बासिन्दाले जानकारी दिएको

१६. स्थानीय सुरक्षाकर्मीले घटनापछि पनि सुरक्षाको व्यवस्था मिलाउन नसकेको

१७. स्थानीय प्रशासनले गम्भीरतापूर्वक नलिएको कारण शम्भू चौधरीको हत्या भएको

१८. पीडितको तर्फबाट दिनेश सरदारसमेत दुईजनाको विरुद्ध बलात्कारमा संलग्न भएको आरोपमा इलाका प्रहरी कार्यालय कञ्चनपुरमा जाहेरी दिएको पाइयो।

१९. वास्तविक तथ्यमा आधारित नरही विभिन्न संचार माध्यममा समाचार सम्प्रेषण भएको कारण स्थानीय बासिन्दा आक्रोस बढ्न गई नकारात्मक प्रभाव पर्न गएको।

**निष्कर्ष**

प्राप्त सूचना र प्रमाणको आधारमा जगतपुर गाविस-४, सप्तरीमा ०६२ भदौ २ गते राति आफूलाई माओवादी बताउने समूहमा आएका एकजना व्यक्तिले एकजना महिलालाई बलात्कार गरेको, ३ जना महिलालाई दुर्व्यवहार गरेको र एकजना पुरुषलाई कुटपिट गरेको पाइयो। घटनामा संलग्न व्यक्तिले आफूलाई माओवादी कार्यकर्ता भएको भन्ने बताएको, आफूलाई माओवादीको स्थानीय नेतृत्व बताउने समूहले आरोपित व्यक्तिलाई पीडितसमक्ष उपस्थित गराइ माफी मगाएको र माओवादीद्वारा बलात्कारमा संलग्न भनिएका शम्भू चौधरीको हत्या गरी लाशसँगै पर्चा छोडी जगतपुर बलात्कार काण्डका अपराधीको १ नं एरियाद्वारा सफाया गरिएको भनिएको, माओवादीद्वारा प्रकाशित विज्ञप्तिमा बलात्कारी भनिएकाहरू माओवादी कार्यकर्ता नभएको जनाए तापनि स्थानीय स्तरमा हुने गरेको माओवादी क्रियाकलापमा विगतमा सहभागी भएको बुझिएकोले यस घटनामा माओवादी शंकाको घेराभित्र रहेका छन्।

**सुझाव**

- माओवादीले आफ्नो संलग्नता नरहेको बताएपनि घटनाको प्रारम्भ देखिनै माओवादीको नाम जोडिएकोले माओवादी पक्षलाई यस घटनाका सम्बन्धमा यथार्थ कुरा सार्वजनिक गर्न माग गर्दछौ।
- यो घटना जघन्य अपराध भएको हुँदा छानविन गरी यसमा संलग्न व्यक्तिहरूलाई कानुनी कार्वाही गर्न हामी सरकारसँग जोडदार माग गर्दछौं।
- घटनाबाट पीडित परिवारलाई उचित क्षतिपूर्ति र उपचारको व्यवस्था गर्न समेत सरकारसमक्ष माग गर्दछौं।
- बलात्कारको घटना भएपछि स्थानीय व्यक्तिहरूद्वारा सो ठाउँमा थप घटना हुन सक्ने सम्भावनाका बारेमा सचेत गराउँदा-गराउँदै शम्भू चौधरीको हत्या भएको र एकजना नेकपा (माओवादी) को कब्जामा रहिरहेको हुँदा पुन: यस्ता घटना दोहोरिन नदिन उक्त स्थानमा शान्ति सुरक्षाको पर्याप्त प्रबन्ध गर्न स्थानीय प्रशासनसमक्ष आग्रह गर्दछौं।
- बलात्कारको आरोपमा कब्जामा लिइएका व्यक्तिको जीवन रक्षा गर्न र ती व्यक्तिलाई सार्वजनिक गर्न माओवादी पक्षलाई आग्रह गरिन्छ।
- घटनाहरूको बारेमा समाचार सम्प्रेषण गर्दा तथ्यमा आधारित भई गर्न हुन संचार माध्यमलाई आग्रह गर्दछौं।

संघर्षका मजदुर एक हों ! मार्क्सवाद – लेनिनवाद – माओवाद तथा प्रचण्डपथ – जिन्दाबाद !!

# नेपाल कम्युनिष्ट पार्टी (माओवादी)

## जिल्ला संगठन समिति सप्तरी

# Communist Party of Nepal (Maoist)

District Organisation Committee Saptary

प० सं० :-

च० नं० :-

मिति – ९ भाद्र ०६२

विषय – – – – प्रेस विज्ञप्ती – – – – – – –

श्री:- भाद्र ८ गते कान्तिपुर एफ. एम. लगायत केही राष्ट्रिय दैनिक तथा मोफसलका पत्रिकाहरूमा प्रकाशित, "सप्तरी जगतपुर गा.वि.स.-४ पूर्व टोल स्थित दलित बस्तीमा सशस्त्र माओवादीहरूले आई घेरा हाली २५ महिला माथी बलत्कार गरेको" भन्ने समाचारले हाम्रो जिल्ला पार्टीको गम्भिर ध्यानाकर्षण भएको छ।

निश्चितै रूपमा उक्त घटना 'माओवादी हुँ भनेर केही अपराधिक र माओवादीको बदनाम गराउने कुतत्वहरूले गराएका हुन्। उक्त घटनाको जानकारी पाउने बित्तिकै घटनामा संलग्न अपराधीहरूको खोजी तिव्र पारिएको छ। छानबिन जारी छ। छानबिनकै क्रममा पिप्रा गाउँका दिनेश सरदारलाई तत्काल कब्जामा लिइएको छ भने उसकै बयान अनुसार जगतपुरको शम्भु चौधरी, पिप्रा पुर्व पडमराका- ललित चौधरी र प्रदिप गुप्ता र पिप्रा पुर्व पथरीको देवकान्त यादवको पनि संलग्नता रहेको खुल्न आएको छ। उसको र्‍हेन भइरहेको छ। निजहरू मध्ये कोही पनि हाम्रो पार्टीको कुनै पनि स्तरका कार्यकर्ता नरहेको यसै विज्ञप्ती मार्फत जानकारी गराइन्छ।

विगतमा पनि माओवादीको नाम लिएर चोरी, डकैती, बलत्कारका घटनाहरू अपराधीहरूले घटाउँदै आएका थिए। उसको भण्डाफोर जनता र पार्टीबाट हुँदै आएको सर्वविदितै छ र त्यस्ता अपराधी-माथि अपराध अनुसारको कारवाही पनि हुँदै आएको कसैबाट छिपेको छैन।

विगत एक दशक देखि ने.क.पा. (माओवादी) को सक्षम नेतृत्वमा चल्दै आएको महान जनयुद्धले देशीय तथा वैदेशिक प्रतिक्रियावादीहरूको लुटको स्वर्गको महलमा धावा बोल्न थाले पछि सामन्ती तथा पुँजीपति डाकाहरूको निन्द हराम भएको छ। माओवादीलाई जनताबाट कटाउन बेला-बेलामा गोयवल्स शैलीमा झुठा प्रचार गरेर आम जनतामा भ्रम फैलाउँदै माओवादी प्रति घृणा भाव जगाउन अनेकौं हर्कतगर्दै आएको यथार्थ सबै सामु छर्लङ्ग छ। प्रतिक्रियावादी संचार माध्यमले जस्तै बिभिन्न संचार माध्यमबाट प्रसारित, उक्त उल्लेखित समाचार प्रति हाम्रो जिल्ला पार्टी घोर आपत्ति प्रकट गर्दछ। घटनाको यथार्थ छानबिन नगरी र वस्तुगत यथार्थको धरातलमा नटेकेको उक्त सम्प्रेषित समाचार पार्टी र जनयुद्धको बदनाम गर्ने दुर्नियत पूर्ण छ। साथै उक्त घटनाको स्वतन्त्र छानबिनको लागि हाम्रो जिल्ला पार्टी मानवअधिकारवादी संघ-संस्थालाई हार्दिक आह्वान गर्दछ। त्यसका लागि आवश्यक हर किसिमको सहयोग गर्न हाम्रो पार्टी तयार रहेको कुरा विश्वास दिलाउन चाहन्छौं। उक्त घटनाको छानबिनको क्रममा यदि हाम्रो पार्टीको कार्यकर्ताको कुनै किसिमको संलग्नता पाइएमा घटनामा संलग्न अन्य अपराधी सरह जनताको बीचमा कडा कारवाही गर्न पछि नहट्ने प्रतिबद्धता यसै विज्ञप्ती मार्फत जनाउँदछौं।

आभाष

सचिव

जिल्ला संगठन समिति

ने. क. पा. (माओवादी)